Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# पनौती एक धार्मिक पर्यटकीय गन्तव्य

**विश्व उलक**
संस्कृतिविद्
(प्रस्तुत गरिएको कार्यपत्र)
Email: Biswo.Ulakkss@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64111*

## सारसंक्षेप

*वि.सं.२०४६ को राजनीतिक परिवर्तन पश्चात वि.सं.२०५३ सालमा नगरपालिकामा पुनर्गठित पनौती गाउँ विकास समितिमा खोपासी, सुन्थान आदिलाई जोडेर बनाइएकोमा अर्को वि.सं.२०६३ को राजनीतिक परिवर्तन पछाडि वि.सं.२०७३ सालमा पुःन संरचित नगरपालिकामा कुशादेवी, च्याले, बिहावर, कलाती, भूमिडाँडा, बल्थली आदि जोडियो । १२ वडामा विभाजित यो नगरपालिकाको भू-धरातल लडकेश्वर गल्ली करिव १६०० मिटरदेखि फुलचोकीको टुप्पा करिव २८०० मिटरसम्म रहेको छ । नेपालको राजधानी काठमाडौंबाट ३२ किलोमिटरको दुरिले जोडिएको पःलाती दे (पनौती सहर) बागमती प्रदेशको पनौती नगरपालिका भित्र पर्दछ । रोसी उपत्यका भित्र रहेका तीन नगरपालिकाहरूमध्ये क्षेत्रफलको आधारमा यो सबैभन्दा ठूलो नगरपालिका हो ।*

**मुख्य शब्दावली** : सिञ्चित, भू-धरातल, दीर्घरथ, उछृङ्खल र किंवदन्ती ।

## पृष्ठभूमि

रोसी उपत्यकामा अवस्थित लिलावती (लक्ष्मी) र पद्यावती तथा स-साना खोला र खोल्साहरू सहित अन्य पानीका श्रोतहरूले सिञ्चित उर्वर प्रकृतिको काखमा रहेको कुनै बेला असला माछा पाइने र हाल रसिलो चामल, स्वादिष्ट आलु, सुन्तलाले परिचित पनौती नगरपालिकामा मानव बस्ति कहिलेदेखि बस्यो भनी एकीन गर्न नसकिए पनि इसापूर्व ४००० बर्ष भन्दा पहिलेदेखि थियो भन्ने नःम बुद्धको इतिहासले पुष्टि गर्दछ । यस्तै कालिदहको बिचमा अवस्थित कमलको फूलमा स्वयम्भूको ज्वोती दर्शन गर्न चीनको गांसुप्रान्त तुङ्गहाङ्ग उपत्यकामा अवस्थित उ-ताई-सान पर्वतबाट आउनुभएका महामञ्जुश्रीले कालीदह माथि हिड्न सकिन्छ कि सकिदैन भनी नालामा रहेको पोखरी मथि हिडेका थिए । मञ्जुश्री हिडेपछि उक्त पोखरीको नाम "पलापुखु" राखिएको थियो । यसबाट पनि रोसी उपत्यकाका बस्तीहरू धेरै पुराना भएको कुरामा दुईमत हुदैन । तसर्थ पनौती नगरपालिकाको इतिहासलाई चारयुगमा अध्ययन गर्न सकिन्छ ।

## सत्ययुग

स्वस्थानी ब्रतकथाले सतिदेवीको दुई अङ्ग भाल र दाहिने कान यही नगरपालिकाको भालेश्वरमा भाल र दाहिने कान धनेश्वरमा पतन भएको देखाउँदछ । किंबदन्तिअनुसार प्राचीन पाञ्चाल (जेलाँ) देशका राजा दीर्घरथले फूलचोकी माईलाई भेल गरेर लिलावती (रोसी) खोलाको पानी आफ्नो राज्यको फाँटमा सिंचाई गर्न ल्याएका थिए । उक्त खोलाको पानी तिलकम (कुलो) बनाई कुर्पासी तथा पाञ्चालको जमिन सिञ्चाइमा लगाइएको थियो । नालाको इतिहासमा पनि राजा दिर्घरथले नालाको जमिन सिचाई गर्न रत्नचुडेश्वर मनमायाँ पर्वतको पूर्वबाट नन्दीमती नदीको पानी ल्याएका थिए । त्यस्तो उछृङ्खल कार्य गरेकोमा भगवतिले उग्रचण्डिको रुपधारण गरी दीर्घरथलाई सजाय दिएकी थिइन् ।

हिन्दू पुराणहरूमा उल्लेख भएअनुसार समुन्द्र मन्थन पश्चात निलकंण्ठ क्षीरसागरबाट कैलास आएका थिए । यसरी कैलास फर्कने क्रममा लडकेश्वरको सुरुङ्ग भित्र पसेर फडकेश्वरबाट निस्केर रोसी खोलाहुँदै उभोतर्फ गएका थिए । त्यो समयमा उनले समुन्द्र मन्थनका लागि मन्दराचल पर्वतको मदानी बनाइएको, बासुकी नागराज, लिलावती र नन्दीमतीको संगम दोभानमा बसेको किंबदन्ति रहेको छ । निलकण्ठले आफ्नो यात्राका क्रममा नन्दीमतीको उभोतर्फ लागेका थिए । हालको नालाबाट निलकण्ठ पश्चितर्फ लागेका थिए । उकालो लाग्ने क्रममा प्यास लागेर पानी खानखोज्दा पार्वतीले पृथ्वीबाट पानी निकाली कुण्डको श्रृजना गरिदिएकी थिइन् । स्थानीय कहावतअनुसार निकण्ठले प्यास बुझाएर केहीबेर आराम गरेर गाँजा सेवन पछी अगाडि बढेका थिए । त्यस पछिको समयमा उक्त कुण्डबाट निरन्तर नदीको रुपमा पानी बहन थाल्यो । वर्तमान समयमा त्यो कुण्डको नाम महादेव पोखरी र बगेको नदीको नाम पुण्यमाता रहेको पाइन्छ । पुण्यमाता नदी नाला अगावै पूर्वबाट आएको नन्दीमतीसँग मिलेपछि पद्मावती नदीको नामले चिनिन्छ । तर केही समुदायले पार्वतीलाई सम्मान गर्दै दोभान पश्चात पनि पुण्यमाता नै भन्ने गरेका थिए ।

कुनै समयमा गरुडको गिद्धेदृष्टि साचीतीर्थ त्रिवेनी निवासी सुन्दर बासुकी नागराज माथी पऱ्यो । गरुडबाट नागराजमाथी आक्रमण सुरुभयो । गरुडको आक्रमणबाट बच्न नागराज दोभानबाट कहिले लिलावतीको उभोतर्फ भाग्थे भने कहिले पद्मावतीको उभोतर्फ । नागराज जता डौडियो खोलाका ढुङ्गाहरू पनि उतैतर्फ फकिन्थे । ढुङ्गा फर्केको सङ्केतले गरुडले नागराजलाई लखेटन सहजता भएको थियो । यो अवस्था थाहापाएपछि नागराजले गरुडलाई छल्न पहिले लिलावती तर्फ दगुरे । त्यसपछि ती ढुंगाहरू दोभानदेखि माथीतिर फर्कनथाले । उनी हालको काथंगणेश निर पुगेर एक बालकको रुपधारणगरेर निस्किए र जमिनमा हिड्डै दोभानमा प्रवेश गरे । दोभानबाट फेरी पद्मावतीको उभोतर्फ लागे । त्यसपछि ती ढुङ्गाहरू माथितिर फर्कन थाले । दुवै खोलाका ढुङ्गाहरू माथितर्फ फर्केको हुँदा गरुडले नागराजलाई फेलापार्न नसकी आजितभएर फर्किए । अफसोच ती पद्मावती र लिलावती नदीहरूका ऐतिहासिक सम्पदाहरूलाई बि.सं.२०५३ मा स्थापित नगरपालिकाले ढङ्गा मास्ने काम सुरुवात गऱ्यो र हालआएर उक्त अमूर्त सम्पदा निमिट्यान्न हुँदै गएको अवस्था छ ।

लामो समयदेखि गोरखनाथले नागराज कर्कोटकसहित सबै नागहरूलाई थिचेर बस्दा काठमाडौं उपत्यकामा अनाबृष्टी भई कृषीकार्य हुन सकेन । हाहाकार हुन थाल्यो । गोरखनाथबाट नागहरूलाई छुटाउन काठमाडौंमा बृष्टी गराउन कामरुपा (कामरु कामाक्ष) बाट मच्छेद्रनाथ ल्याउनु पर्ने निष्कर्षमा पुगे । तत्कालिन भक्तपुरका लिच्छवी राजा नरेन्द्रेवले काठमाडौंका तान्त्रिक बन्धुदत्त र पाटनका ललित भरिया मिलेर पद्मावतीमा गएर बासुकी नागराजलाई छक्याएर आफ्नो जालमा पारेर मच्छेन्द्रनाथलाई उपत्यकामा ल्याए । मच्छेन्द्रनाथलाई उपत्यका ल्याएपछि बासुकी नागराज आफूलाई बोकेर हिड्ने ललितसँगै पाटनमा गई बसे । तर नागराज ज्याःपुन्ही जात्रा हेर्न हरेक बर्ष जात्राको चार दिन अगाडि हावाहुरी र पानी सहित पनौतीमा पनि आउने र जात्रा सकिएको चारदिन पश्चात् हावाहुरी र पानीसहित उही बाटो फर्कने किंबदन्ति रहेको छ । किबदन्ति मात्र होइन अझै पनि जात्राको चारदिन पहिले हावाहुरी र पानी आउने र चारदिन पछाडी हावाहुरी र पानी बन्द हुने गर्दछ ।

पनौतीको दोभानसँग जोडिएको सानो ढिस्को रहेको छ जसलाई सुमेरु पर्वत भनिन्छ । किंबदन्ति अनुसार हनुमानले लक्ष्मणलाई औषधी पत्ता लगाउन नसक्दा पर्वत नै बोकेर ल्याउँदा सानो भाग खसेर त्या पर्वत बनेको कहावत रहेको छ। अर्को तर्फ समुन्द्र मन्थनबाट निस्किएको अमृतको घडा ताना तानमा उछिट्टिएका अमृतका थोपा यस पर्वतमा परेको हुनसक्ने पनि अनुमान गर्ने गरिन्छ । कुनै समयमा गौतम ऋषीले आफ्नी अर्धाङ्गिनी अहिल्यासँग लिलावती र पद्मावतीको दोभानमा गृहस्थि गरेर बसेका र स्वर्गका राजा इन्द्रले अहिल्यामाथि छल गर्दा ऋषीको श्राप मोचन गर्न यही दोभानमा तपस्या गरी बसेका थिए । आफ्ना पतिलाई सघाउन रानी सचीले पनि तपस्या गरी बसेकी थिइन् । रानी साचीको पतिब्रता र कठोर तपश्याबाट प्रभावित पार्वतीले रुद्रलाई पुकार गरेर मद्धत गर्न अनुरोध गरे बमोजिम भगवान् रुद्रले तेश्रो आँखा खोली सुमेरु

पर्वतबाट जलधारा निकाली दोभानमा मिलाइदिएपछि उक्त क्षेत्र त्रिवेणीमा परिवर्तन भएको थियो । पछि राजा इन्द्रले त्यही त्रिवेणीमा स्नानगरि आफ्नो पाप मोचन गरेका थिए । साचीले तपस्या गरेको यस त्रिवेणीधाम साची तीर्थको नामले चिनिन्छ ।

अर्को एक रोचक प्रसङ्गअनुसार हिन्दू पुराणहरूमा दैत्यको अत्याचारको अन्त्यगर्न माता पार्वतीलाई विभिन्न देवीहरूले आ-आफ्नो शक्तिहरू दिएर भद्रकालीको निर्माण गरेका थिए । माहाशक्तिशाली भद्रकालीले अत्याचारी दैत्यहरूलाई विभिन्न विधि अपनाएर छिट्टै परास्त तुल्याइदिइन् । दैत्यमाथि बिजय गरी देवीले अन्य बिध्वंशहरू पनि गर्न थालिन् । त्यसपछि देवादी देव माहादेवले दिब्यदृष्टिले हेर्दा भद्रकालीमा यौनउत्तेजना निकै बढेको थाहापाए । त्यसपछि भगवान शिव उनको कामुकतालाई शान्त पार्न अगाडि बढे । तर भद्रकालीलाई कामुकताबाट संतुष्ट दिन नसक्दा भद्रकालीले उनलाई लखेट्न थालिन् । यसरी भद्रकालीले भगवान शिवलाई लखेट्दा उनी भागेर बासुकी नागराजको मद्धतलिन त्रिवेणीको पानीमा पसे र तुरुन्तै यथोचित अङ्गसहित बलवान भैरवको अवतारमा परिणत भए । त्यसपछि उनी फर्केर भद्रकालीको खोजीमा जाँदा हालको लायकु दरवार अगाडिको दवलीमा बसिरहेको अवस्थामा भेट्टाए । त्यसपछि उन्मत्त भैरवले भद्रकालीलाई अप्रत्यासित चरमयौन संतुष्टी दिए । भद्रकाली भैरवको समागमबाट छुट्टीन नसकेको थाहापाए पछि इन्द्रेश्वर माहादेव त्यहाँ आएर छुट्ट्याएका र त्यहाँबाट भद्रकाली भागेको किंबदन्ती छ । अर्को एक भनाई अनुसार उग्रचण्डी (नाला) भगवती पनि उन्मत्त भैरवसँग आकर्षित भइन । त्यो कुरा थाहा पाएपछि भैरव बेला बेलामा नाला गएर बस्नथाले । पनौतीका बासिन्दाले भैरव हराउन सक्ने अर्थात पनौती छोडेर जानसक्ने सम्भावना देखी पनौतीमा नै राखिराख्न तन्त्रबिद्याले बाँधेका थिए । उक्त भनाई अनुसार भैरवलाई खुट्टामा सिक्री लगाएर बाँधिएको थियो ।

## त्रेतायुग

रामायणमा उल्लेख गरेअनुसार गौतम ऋषीको श्रापले हाल ईन्द्रेश्वर मन्दिरको उत्तर-पूर्व कुनामा रातो ढुंगामा परिणत अहिल्या राम बनवास जाने क्रममा उनको कदबाट स्पर्स हुँदा मानव जुनिमा परिणत भएकी थिएन् । यसका आधारमा बनबास जानेक्रममा भगवान रामचन्द्र पनौतीमा पनि आएको देखिन्छ । किम्बदन्ति अनुसार महर्षि बाल्मिकीले नालाको वर्तमान कलममसी नामक गुफामा बसेर रामायण लेखेको किंबदन्ति छ ।

आज भन्दा करिव ६००० बर्ष पहिले द्यो:लाँ (हालको टौखाल) मा करिव ५००० जनसङ्ख्याको पाञ्चाल देश थियो । त्यो राज्यमा राजा दीर्घरथ र उनका सन्तानले शासन गरेका थिए । त्यही कुलका राजा महारथ र रानी सत्यवती तथा तिनका राजकुमारहरू महदेव, महाप्रणव र महासत्वका साथ पाञ्चाल देशमा राज्य गरेर बसेका थिए । कार्तिक महिनामा राजा, रानी र ती राजकुमारहरू हिरण्यगिरी गन्धमान पर्वतमा राजकीय शिकारका लाथि गएका थिए । एकदिन पूर्णीमाको रात सिकारखेल्दै शाही शिविर पर्कने क्रममा कान्छा राजकुमार महासत्यले भर्खरै बच्चा जन्माएर भोकले चल्नै नसक्ने भएर बसेको दुब्लो बाघलाई आफ्नो शरीर अभयदान गरी बोधीसत्व प्राप्तगरेका थिए । राजपरिवारले उनको बचेका हड्डीहरू, कपडा र गहनाहरू ल्याएर शिकार शिविर नजिकै अन्त्यष्ठि गरी समाधी बनाएका थिए । करिव ३५०० बर्ष पछाडि शाक्यमुनी गौतम बुद्ध त्यही बसेर एकमहिना ध्यानगरि उक्त समाधीलाई आफ्नो पूर्वजन्म भन्दै तिनपटक परिक्रमा गरी न:म भनी ढोगेका थिए । त्यो समयदेखि सो स्थान र राजकुमार महासत्वको नाम न:म बुद्ध रहन गएको थियो ।

काठमाण्डौ स्वयंभूको काख, भचाखुसी र बिष्णुमती नदीको दोभान निर्मल तीर्थ (कर्ण द्विप) नजिक तत्कालिन समयमा पाञ्चाल देश (पनौती) बाट आएका बौद्धमार्गी बज्रनाद गुभाजु (बज्राचार्य) ले ध्यान शक्तिले बालुवाबाट स्वयम्भूचैत्य खडागरि स्वांबहा बनाएका थिए जुन स्थान शोभा भगवती शक्तिपिठ क्षेत्रले प्रख्यात रहेको छ । यस आधारमा प्राचीनकालदेखि नै पनौती बौद्धमय थियो भन्ने बुझ्न सकिन्छ ।

## द्वापरयुग

स्थानीय कथनअनुसार खोपासी (कुर्पासी) को उत्पादनबारे थाहा पाएका बनारसका दश भाइ व्यापारीहरू, परिवारसहित खोपासीमा बस्न आएका थिए । उनीहरू किरात भएको मानिएको थियो । तीमध्ये पाँच परिवार ल्हासामा गएका थिए । त्यसपछि ल्हासामा पनि बस्न नसकी फर्किएर खोपासी पारी पस्थलीमा बसेर औद्यौगिक क्षेत्र बनाई उक्त स्थानको नाम नेपाल राखेका थिए । हाल आएर उक्तस्थानको नाम नेपाल बेसी फाँट रहेको छ जसलाई नौबिसे फाँट पनि भनिन्छ । उनीहरू आफ्नै परिवार बिच बिहेवारी चलाउन ल्हासाबाट फर्किआएकाले ल्हासा गोत्र र खोपासीमा बसेकाले काशी गोत्र राखेर बसेका थिए । सत्ययुगदेखि तिलकम प्रयोग गरेबापत पानीपोत मात्र तिर्दै आएकोमा अन्य सामान उत्पादन गरी बिक्रीगरे बापत राज्यलाई चोकपारा (राजस्व) तिर्नु पर्ने प्रथा चलाएका थिए । त्यो समयमा कर उठाउन भन्सारको स्थापना भएको हुनसक्ने देखिन्छ । किरातहरू शिवभक्त भएपनि उनीहरूले चीन तथा तिब्बतसँग व्यापार बृद्धिगर्न अमिताभ बुद्धको मूर्तीलाई हालको खोपासी मयलबोटमा सेतो चैत्य बनाई स्थापना गरेका थिए ।

अर्को एक धार्मिक कथनअनुसार पाञ्चाल देशमा शुचन्द्र नाम गरेका दानी महाजनका पति-पत्नी दुवैले गरिवप्रती अत्यन्तै दयाराखी खानेकुरा र लुगाफाटा दान गर्नेगर्दथे । एकदिन कुवेरले दानविरहरूको परीक्षा लिन गरिवि भेष धारण गरी शुचन्द्रको घरआँगनमा माग्न गएछन् । उनीहरूले गरिवरुप धारण गरेका कुवेरलाई साह्रै श्रद्धापूर्वक घरभित्र लगेर नयाँलुगा लगाउन दिई मीठोमीठो खानेकुरा खुवाएछन् । त्यसपछि कुवेर प्रसन्न भएर ज्ञानगुणका कुरागरी यःमरी बनाउने बिधी सिकाई अन्तरध्यान भएछन् । कुवेरले सिकाए बमोजिम शुचन्द्र दम्पतीले नयाँ चामलको पिठोको यःमरी बनाई कुवेर र अन्नपूर्ण देवीलाई अन्नको भकारीमा चढाएछन् । त्यसपछि यःमरी आफुले खाएर अरुहरूलाई पनि बाँडेछन् । त्यो प्रथा नेवार समुदायमा चाँडै फैलियो र वर्तमान समयमा आएर यसले समाजमा सद्भाव र संस्कृति बिस्तारमा राम्रो भूमिका निभाइरहेको पाइन्छ ।

धार्मिक स्वभावका राजा बिराट हरेकदिन स्नानका लागि कुर्पासीबाट ४० घोडे बग्गीमा पनौती त्रिवेणी यात्रा गर्ने गर्दथे । माहाभारत पुराणका मूख्य पात्रहरू पञ्चपाण्डव र द्रौपदी एकबर्षे गुप्तवासका क्रममा कृष्णका ग्वालाहरूबाट लखेटिएका थानकोटका राजा बानासुरलगायत छदम नामले बिराट राजाको दरवारमा बिभिन्न पेशामा भर्ती भएका थिए । उनीहरूको कार्यक्षेत्र वर्तमा पनौती नगरपालिकाको ९ र १० वडा र धुलिखेल नगरपालिकाको वडा ८ मा करिव ६ किलोमिटरको क्षेत्रमा फैलिएर रहेको थियो । द्रौपदी, रानीको सुसारे पेशामा राजाको निवास हालको नरसिंहमठमा बस्दथिन् भने स्नानका लागि हालसम्म पनि कायम रहेको पाङ्गेटोलका ढुंगेधाराहरू प्रयोग गर्दथिन । बिराट राजाको निवासबाट हालको ललितामाई नजिक रहेको दरवारक्षेत्र वरपर सातवटा इनार र सातवटा ढुङ्गे धाराहरू रहेकोमा एउटा इनार र तिनवटा धाराहरू अझै देख्न सकिन्छ । द्रौपदी माहाकाली हुन् भन्ने थाहापाएका राजा बिराटले द्रौपदीको सिलाराखी पूजा गरिएको स्थानमा मन्दिर बनेकोछ जुन नेपाल राज्यमा एकमात्र रहेको मानिन्छ । यहाँ किरातकालिन मन्दिरहरू तल्लो बजारमा ललितामाई, किटिनीमा कमलामाई र देविस्थानमा पहरीहरूको भूमी पुजनक्षेत्र बिद्यमान रहेको छ ।

लिच्छवी राजा मानदेव बैष्णव सम्प्रदायका अनुयायी भएपनि जनताको इच्छ्यालाई सम्मान गर्न बौद्ध धर्मलाई पनि उत्तिकै महत्व दिने गर्दथे । मयलबोटमा रहेको अमिताभ बुद्धको सङ्रक्षण र सञ्चालनको लाथि बिराट राजाको निवास क्षेत्रबाट हेर्नेगरि करिव २०० रोपनी जग्गाको गुठी बन्दोबस्त गरिदिएकोमा हालसम्म पनि गुठी संस्थानको खातामा १४१-१५ रोपनी कायम रहँदै आएको छ । यो काभ्रे जिल्लाको सबैभन्दा ठूलो गुठीमा पर्दछ । यस्तै उनले पनौती त्रिवेणीमा चारवटा स-साना ढुङ्गाका खम्बाहरू राख्न लगाएको देखिन्छ ।

## कलियुग

प्रोफेसर सिल्भा लेभीको भनाइअनुसार अंशुबर्माको समयदेखि कलियुग भन्न थालेको मानिन्छ । लिच्छवी राजा शिवदेव प्रथमको राज्यकालमा कुर्पासी ग्रामको कुशल प्रशासकमा अंशुबर्मा थिए । उनले आफ्नो क्षेत्राधिकारका श्रोतहरू जस्तै हालको पाङ्गेटोलस्थित बिराट राजाको निवासलाई मर्मत सुधार र सम्बर्धन गरी

आफ्नो निवास बनाएका थिए । बिराट (किरात) राजाको दरवारलाई जिर्णोद्वार गरी कैलाश (किरातहरूले राखेको नाम?) नामाकरण गरी प्रशासनिक अड्डा बनाएका थिए । बिराटकालिन सातवटै धाराहरू र इनारहरू सफागरी जनतामा राम्रो खानेपानीको बन्दोबस्त गरेका थिए । कृषीक्षेत्रमा तिलकमलाई मजबुत प्रणाली बनाएका थिए । औद्योगिक क्षेत्रमा पनि सुधार गर्नुका साथै तिलकम प्रणालीमा पनि सुधार गर्न खोपासीमा मूख्य भन्सार र गोवा भञ्ज्याङ्ग र कपिल भञ्ज्याङ्गमा छोटी भन्सारहरूको स्थापना गरेका थिए । यीनैको समयमा कोदारीमा पनि भन्सार खोलिएको थियो । खोपासीको आर्थिक बृद्धिमा यीनले कर्पाषणा प्रणालीबाट धातुका मूर्तिहरूको साथमा सुन-चाँदीका सिक्कामात्र निकालेनन् कि कारिगरहरूको क्षमता बृद्धिगरि कपडाहरू मात्र होइन विभिन्न काठ तथा बाँसका हस्तकलाका सामाग्रीहरू उत्पादन गरी चीन तथा भारतमा निर्यात गर्ने व्यवस्था मिलाएका थिए । अंशुबर्मा तिक्ष्ण बुद्धिभएका मानिस भएको हुँदा राजा शिवदेवले आफ्ना जेष्ठपुत्र राजकुमार उदयदेव र उनकी पत्नी अधिराजकुमारी भद्रावतीलाई प्रशासनिक ज्ञान दिलाउन अंशुबर्मा रहेको स्थान कुर्पासी पठाएका थिए । राजा शिवदेवको शासनको अन्तिम समयतिर अंशुबर्मा काठमाडौमा सरे र कुर्पासीको स्वर्णयुग अन्त्यभयो ।

पनौतीको बस्ती धेरै पुरानो भएपनि इ.सं.१२५५ को महाभुकम्प तथा उडुस महामारीबाट प्रभावित जनताहरूको व्यबस्थापनमा तत्कालिन राजा आनन्द मल्लको पालामा सात गाउँको स्थापना र बिस्तृतिकरणमा पनौती, तात्कलिन उत्तम बस्ती हालको प्रबुद्ध नगर (स्मार्ट सिटी) को परिकल्पना भन्दा धेरैउम्दा आदर्श नगर रहेको देखिन्छ । प्रकृतिको वरदान पाएको यस सुन्दर पर्यावरणीय पवित्र भू-धरातलमा पूर्खाहरू खासगरेर यसको महत्व बुझेका मल्लहरूले मानव जीवनमा अलौकिकता दिनेहेतुले बास्तुकला र सांस्कृतिक संम्पदाहरूमा तन्त्रबिद्याको समेत संयोजन गरी त्रिवेणीघाटलाई उत्तर प्रयागमा परिणत गर्न खोजेका थिए । त्रिवेणी घाटबाट हिमाल नदेखिएको हुँदा उत्तर प्रयागको तीर्थाटन प्राप्तिका लागि हातको बुढीऔंलाको पेटमा त्रिवेणी घाटको जल बोकेर सुमेरु पर्वतको सिरमा गएर उक्त जललाई गौरीशंकर हिमाल पर्वतमालामा चढाएर उत्तर प्रयाग तीर्थाटन पूर्ण गर्ने परम्परा रहिआएको छ । वर्तमान समयमा आएर भक्तालुहरूमा संस्कृतिको ज्ञान नहुँदा त्रिवेणीबाट लगेको उक्त जललाई बि.सं.२०१८ सालमा स्थापित गोरखनाथको मूर्तिलाई चढाउने गरिएको हो ।

माथी उल्लेखित विवरण तथा तत्थ्यहरू सामान्य जानकारी मात्र हो । यसलाई बिस्तृत अध्ययन अनुसन्धानले पनौती सभ्यताको बिकासमा टेवापुग्ने र भविश्यमा विस्तृत खोज हुनसक्ने विषका लागि उठान गरिएको हो ।

**पर्याबरणीय अवस्था**

पनौतीको मिश्रित भू-धरातल, बिभिन्न बनस्पति र रुखहरूले सुसज्जित वन, पाखा पखेरुहरू त्यहाँबाट सृजित पानीका मुहान, खोल्सा खोलाहरूले प्रकृतिलाई सुन्दरता दिएको छ । यस्तै उर्वर जमिनमा परिश्रमी पाखुराहरूले ऋतुअनुसारको सुन्दरता थपिदिंदा ब्यक्तिको जीबिकोपार्जन मात्र होइन पर्यावरणको सन्तुलनलाई पनि टेवा पुगिरहेको छ । वि.सं.२०४० सालको दशक तिर रोपिएको सल्लाको रुखले स्थानीय जातको पानी संरक्षण भइरहेको मान्न सकिन्छ ।

पनौती उपत्यकामा बढ्दो जनघनत्वले गर्दा जीवित "रोसी खोला" उपत्यकाका तीन नगरपालिकाका बासिन्दाहरूको जीवन्ततासँग गासिएर अगाडि बढ्दै आएको छ । वि.सं.२०३६ साल यता सार्वजनिक र बन क्षेत्रको अतिक्रममा ब्यापता छाएको र अनियन्त्रित ढुङ्गा खानिले सुन्दर प्राकृतिक सौदर्यतालाई गिज्याउनुका साथै पानीको मुहानमा समेत क्षतीभई मानव बिकास तथा सभ्यतामा भाँजो पुऱ्याइरहेको छ । पर्यावरणीय परिदृष्यका लागि बन, बनस्पती र यउका पैदावार, खाद्यान्नको उत्पादन, जलाधार साथमा सार्वजनिक भूमीको फेहरिष्ट राखी स्थानिय समुदाय र बिशेषज्ञसँगको छलफलबाट स्थानियको सहभागितामा श्रोतको परिचालन गर्नसके जलवायु अनुकुलन प्रकृति प्रेमी वातावरण बन्ने देखिन्छ ।

**बास्तुकला र सांस्कतिक सम्पदा**

किरात कालिन र लिच्छवी कालिन बास्तुकला र सांस्कृतिक सम्पदाहरूका केही अवशेषहरू मात्र रहेपनि मल्लकालमा बनेको पनौती शहर गणतान्त्रिक नेपाल सरकारले परिकल्पना गरेको प्रबुद्ध नगर भन्दा उच्चबर्गको आदर्श नगर थियो जहाँ मठ, मन्दिर, फोहर मैला ब्यबस्थापन, चाड, पर्व, जात्राहरू साथमा सि ध्वाखा, लसकुस ध्वाखा, पि ध्वाखा आदि मानव जीवनलाई जीवन्तता मात्र होईन समाजमा भाइचारा, सद्भाव र आनन्द जीवनको प्रणाली बसालेका थिए । पनौतीमा मात्र नभै वरपरका बस्तीहरू खोपासी, जाकिडोल, बल्थली, भालेश्वर, कुशादेवी, फुलचोकी, सुब्बा गाउँ, धनेश्वर र सबै बस्तीहरूले पनि आ-आफ्नै प्रकारका संस्कृति र संस्कार बोकेर बसेका छन् । कोरोनाको कहर पछाडि संस्कृति र संस्कारमा पनौती नगरपालिकाका हरेक बस्तीहरू आ-आफ्ना संस्कार र सम्पदाप्रती जागरुप भएको पाइन्छ । यस अवस्थामा वडा तथा नगरपालिकाले बस्ती बस्तीमा रहेको बास्तुकला, सांस्कृतिक सम्पदा, संस्कारहरूको फेहरिष्ट बनाई सम्बन्धित समुदाय र विज्ञहरूसँगको छलफलमा यिनीहरूको सङ्रक्षण, सम्भार र सम्बर्धनमा पाइलाचाले उचित हुनेछ ।

**पर्यटकीय गन्तब्य**

धार्मिक पर्यटनको थालनी/बिकास सत्ययुगमा सतिदेवीको अङ्गपतनहरू र निलकण्ठको पदमार्गले बिम्बित गर्दछ भने लिच्छवीकालमा खोपासीमा रहेको राजा शिवदेवको शिलालेखमा कैलाश दर्शन गर्न आउदा सेतोमाटो डल्ला लिएर आउनु पर्ने उर्दीबाट पर्यटनको लागि आदेश दिएको कुरालाई नकार्न सकिन्न । मल्ल शासकहरूले श्रोतहरू तथा अभिनेताहरूको पहिचान गरी दुवैलाई अधिकतम सन्तुष्टिका साथ उपयुक्त स्रोत परिचालन गरी स्थानियहरूको सहभागीता र स्वामित्वमा बास्तुकला र सांस्कृतिक सम्पदामा थपगरी धार्मिक पर्यटकीय गन्तब्य बनाई पलाःती भनेर निमन्त्रणा गरेका थिए । त्रिवेणीलाई उत्तर प्रयागको संज्ञादिंदा टाढा-टाढाबाट स्वर्गीय पार्थिव शरीर बिसर्जन गर्न आउने केद्र बनेको थियो ।

काठमाडौं उपत्यकामा बढ्दो जनघनत्वले आन्तरिक पर्यटकको चापमा बृद्धि भएको छ । ग्राहकहरूलाई सेवा र सुविधा दिन नसक्दा उचित लाभलिन सकिरहेको छैन । तसर्थ पर्यावरणीय, बास्तुकला, सांस्कृतिक सम्पदा र सस्कारको फेहरिष्तका आधारमा आन्तरिक र बाह्य पर्यटकीय बजार अध्ययन गरी पूर्वाधारहरूमा बिकास गर्नसके सुगम यातायातको पहुँच हुन जाने र यस नगरपालिकाले शिपमूलक जनशक्ति उत्पादन गर्नसके पर्यटन क्षेत्रमा समेत फडको मार्ने देखिन्छ ।

यस स्थानमा पर्यटकहरूलाई केही नयाँ स्वादहरू पनि प्रदान गर्न सक्ने सम्भावना रहेको छ । जस्तै यहाँको स्थानीय ऐला, ऐराक आदि रहेका छन् । ऐला नामक रक्सीले आयातित ब्लु लेवललाई प्रतिस्थापित गर्न सक्छ भने ऐराक नामक रक्सीले रेड लेवललाई विस्थापित गर्न सक्दछ । यी जातका रक्सीहरू बाहिर पनि निर्यात गर्न सकेको खण्डमा देशको राजस्वमा पनि योगदान पुग्न सक्दछ । मानेभञ्ज्याङ्गको ट्राउट माछा, याःमरी, सेतो चेप्टो मकैको ढिडो, सिस्नोको दाल आदि यहाँका छुट्टै खानाहरू हुन् । क्वाती, बुलु, कस्ति थो, ह्याउ थो, थो, बजी, ह्याउ बजी, हाकु जा, न्हाकं के आदि पनि अन्य स्थानका भन्दा पनौतीका विशेष रहेका छन् ।

**अन्य पूर्वाधारहरू**

पर्यटन प्रबर्धनमा अन्य विकासले पनि अहंभूमिका खेल्न सक्छ जस्तै, मल्लकाल पछि नेपालका एकमात्र राष्ट्रवादी दूरदर्शी नेता राजा महेन्द्रलाई स्थानीय कर्मबिर नेपाली सेनाका हवल्दार श्री भागवत सिंह महतले खोपासी भ्रमण गराई पनौती बहुउदेश्यीय जलबिद्युत योजनाको स्थापना गराउन सफल भएका थिए । दक्षिण कोरियाको सहयोगमा वि.सं.२०३२ सालतिर खोपासीमा रेसम खेती स्थापना गरिएको थियो । त्यस्तै बनेपा नगरपालिकाबाट निर्मित आइटी पार्क वर्तमानमा पनौती नगरपालिकाअन्तर्गत पर्न आएको छ । नगरपालिकाको स्वामित्वमा धेरै बिद्यालयहरू तथा अन्य सेवा प्रदाय संस्थाहरू रहेका छन् । स्थानीय सरकारले उचित व्यबस्थापनमा पहलकदमी गर्नसके उत्पादनमा सुधार भई लगानीमा उपादेयता हुनेछ ।

वर्तमान समयमा पनौतीमा रहेको रोसी खोला तीन नगरपालिकाहरूको प्राण भइरहेको छ । पानीको सङ्रक्षण गर्नु बनस्पती र कृषिको पनि रक्षा गर्नु हो । प्रकृति प्रेमी बस्ती बनाउनु जीविकोपार्जनका साथै मानव

सभ्यता बिकासको पहिचा पनि हो । उत्पादन मात्र होइन निस्कासन (फोहर) व्यबस्थापनको पनि उत्तिकै भूमिका रहेको हुन्छ । यसले नगरपालिकामा रहेका सभ्यताका चिन्हहरू त्रिवेणी घाट, फड्केश्वर र लड्केश्वर जस्ता तीर्थस्थलहरूको रक्षा गर्दछ । यसका लागि तीन नगरपालिकाहरूका शैक्षिक संस्थहरू (क्याम्पस) हरू परिचालन गरी "रोसि उपत्यका प्रकृतिक श्रोतहरूको ब्यबस्थापन परियोजना" सञ्चालन गर्नु उपयुक्त हुनेछ । नमो बुद्ध नरपालिका र बेथानचोक गाउँपालिकालाई पनि समेटनु उपयुक्त हुनेछ । पर्यटन बिकासमा यसकार्यले अमुर्त योगदान पुग्ने देखिन्छ ।

**नामाकरण**

प्राचीनकालदेखि हालसम्म पनौतीका विभिन्न नामहरू रहँदै र फेरिदै आएको पाइन्छन् । त्यस्ता नामहरू जस्तै पाञ्चाल, पानवती, पुण्यवती, पुण्यावती पुरी, पुर्णावती, अश्मपुर, अश्मनगर, पःलाती, पलाँती, पन्ति आदि । जे-जस्तो भनिए ताहपनि जयसिंह रामबरदानले बनाएको पनौतीलाई १५औं शताब्दीमा भक्तपुरका शासकहरूले आफ्ना देशका जनताहरूको जीवनमा मूक्तिमार्गको लागि धार्मिक क्षेत्रहरूको बिकास गरी उक्तक्षेत्रमा पाइला राख्न पःलाती नामाकरण गरेका थिए । मल्लकालमा मानव जातिको हितहेतु बाह्य आगन्तुकलाई निम्त्याउन यस ठाउँको नाम नै "पलाःती" राखेका थिए । नेवारी भाषामा पलाँ भनेको पाइला र ती भनेको राख अर्थात पलाःतीको अर्थ पाइलाराख्न आग्रह गरिएको भन्ने हुन्छ । पनौतीका अन्तिम शासक भूपतेन्द्र मल्लकी बहिनी थिइन् । उनको नाम भने उल्लेख गरेको पाइदैन । पःलातीलाई नेपालमा एकीकरण गर्ने क्रममा पृथ्वीनारायण शाहलाई अप्ठचारो परेको थियो । एकीकरण एक प्रकारको धार्मिक युद्ध थियो । पृथ्वीनारायण शाहले पःलातीका शासक महिला भएको सुनेका थिए तर एकिन हुन सकेको थिएन । त्यो कुरा सुनेपछि उनी पनौती (असमञ्जष्य) मा परेका थिए । तास खेल्दा अवसरको खोजीमा कमजोर खेलाडीले आफ्नो भागमा परेको कमजोर तासलाई पनौती भन्दै अवसरको खोजीमा घोप्टचाउदछन् । लडाई गरी जिते महिलासँग जितेको र हारे महिलाबाट हारेको बात लाग्ने भएपछि उलने अवसरको खोजिमा निकै समय कुर्नु परेको थियो । पःलातीलाई एकीकरण गर्ने क्रममा पृथ्वीनारायण शाह योजना मुताविक बिहानै केही शैनिकहरूको साथमा ब्रम्हायणी मन्दिर अगाडि सुमेरु पर्वतको काखमा त्रिवेणी घाटमा स्नानका लागि आउने शासकको प्रतिक्षामा बसे । पःलातीका शासक आफ्ना सुसारेहरूका साथ त्रिवेणी घाटमा आएर दुवैहातको अंजुलीले स्नान गर्न थालेपछि महिला भन्ने थाहापाए । खेलाडीले मौका छोपी दाउहाने जस्तै सुमेरु पर्वतमा बसेका पृथ्वीनायण शाहको नेतृत्वमा बन्दुक पडकाए । बन्दुकको आवाजसँगै महारानी र सुसारेहरू पनि त्यहाँबाट भागे । गोर्खाली सेना बन्दुक हान्दै खोला तरी शहर पसे । जथाभावी बन्दुक हान्ने क्रममा इन्द्रेश्वर मन्दिरको गजुरमा पनि लागेको र गजुरमा उक्त निसान रहेको बताउदछन् । नाङ्लो ठटाएर हात्ती तर्साए जस्तै महारानी र उनका अङ्गरक्षकहरू भागेको उल्लेख पाइन्छ । पृथ्वीनारायण शाहले एकीकरण गरे पश्चात पःलातीको आधिकारी नाम पनौती हुन आएको देखिन्छ । हुन सक्छ नेवारी नाम पःलाती उच्चारणमा कठिन भएर खस भाषामा पनौती भनिएको थियो ।

**अन्तमा**

सूचना प्रविधिको बिकासले फेहरिष्ट राख्न तथा एक आपसमा संचार द्रुत र सहज माध्यम बनेको छ । हाललाई नगरपालिकाले आफ्नै पोर्टलभित्र वा सेवा प्रदाय (जस्तै पनौती पर्यटन केन्द्र) मार्फत् पनौती पर्यटन सम्बन्धी एक समर्पित वेबसाईट खोली उक्त वेबसाईटमा सरोकारवालाहरूलाई पनि स्थान दिई पनौती नगरपालिकाको पर्यटन अवस्थाबारे जानकारी दिने गरेको छ । जैविक खाद्य उत्पादनको बजारीकरण गर्ने कार्य पनि गर्दै आएको छ । सोही पोर्टलमा सरोकारवालाहरू तथा ग्राहकहरूका सुझाव, गुनासा तथा प्रशंसा आदि राख्न सक्ने ब्यबस्था पनि गरिएको छ । महिनाको एकपटक नगरपालिकाका प्रतिनिधिहरूको नेतृत्वमा बैठक बस्ने, पहिलो बैठकको निर्णयको अनुगमन गर्ने, साथमा वेबसाईटमा आएका सुझाव, गुनासा तथा प्रशंसा आदिको समीक्षा तथा उपयुक्त पहलकदमी लिने गरिएको छ । यो वेबसाईटलाई अन्य राष्ट्रिय (जस्तै नेपाल पर्यटन बोर्ड आदि) र अन्तर्राष्ट्रिय, सार्वजनिक र निजी पर्यटकीय संस्थाहरूसँग सम्बन्ध (link) बनाउने गरिदै आएको छ । यस कार्यले पनौतीको पर्यटन विकासमा सहयोग पुग्दै आएको छ ।